# वाणिज्य नीति, २०७२

प्रकाशक
नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०७२

## प्राक्कथन

आर्थिक विकासमा वाणिज्य क्षेत्रको भूमिका महत्वपूर्ण रहने कुरालाई हृदयंगम गर्दै नेपालले वाणिज्य क्षेत्रको प्रवर्द्धन र विकासका लागि विभिन्न नीतिगत, संस्थागत र प्रक्रियागत सुधारका प्रयासहरु गर्ने क्रममा विगत दुई दशकभन्दा अघिदेखि उदार एवं खुला आर्थिक नीति अवलम्बन गरी समसामयिक पुनरावलोकन सहित निरन्तरता दिंदै आएको छ ।

वाणिज्य क्षेत्रलाई अन्तर्राष्ट्रिय तथा क्षेत्रीय व्यापारका क्षेत्रमा देखापरेको परिवर्तनसँगै तादात्म्यता मिलाउन वाणिज्य नीति, २०४९ को तुलनामा नयाँ, विस्तृत र फराकिलो सोचसहित अघि बढाउने उद्देश्यले वाणिज्य नीति, २०६५ जारी गरी कार्यान्वयनमा ल्याइएको थियो। वाणिज्य नीति, २०६५ ले व्यापारलाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने गरी अनुकुल वातावरण सिर्जना गर्ने, निर्यात अभिवृद्धि गरी व्यापार घाटा कम गर्ने, आय र रोजगारीका अवसर वृद्धि गर्ने र आन्तरिक र वैदेशिक व्यापारबीच अन्तरसम्बन्ध स्थापना गर्ने मूल रणनीति लिएको थियो । उक्त नीतिले प्रक्रियागत सरलीकरण, संस्थागत व्यवस्था, निकासीजन्य तुलनात्मक लाभका वस्तुहरुको पहिचान, छनौट, उत्पादन र व्यापारको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको थियो । यद्यपी, निरन्तर वृद्धि भइरहेको व्यापार घाटालाई न्युनीकरण गर्न भैरहेका प्रयासहरुको प्रभावकारीता बारे वस्तुगत मूल्याङ्कन गर्दै नीतिगत व्यवस्थामा सामयिक पुनरावलोकन गर्नुपर्ने आवश्यकता संवोधन गर्न विश्वव्यापार प्रणाली खास गरी विश्व व्यापार संगठनको पछिल्लो मन्त्रिस्तरीय सम्मेलनमा व्यापार सहजीकरण सम्झौता, अतिकम विकसित देशलाई सेवा व्यापारमा छुट, सहुलियतपूर्ण उत्पतिको नियम, भन्सार तथा कोटारहित बजार पहुँच सम्बन्धी निर्णयहरुलाई समेत कार्यान्वयनमा ल्याउन नयाँ वाणिज्य नीति, २०७२ को आवश्यकता महसुस गरिएको हो ।

उपरोक्त पृष्ठभूमिमा वाणिज्य नीति र नेपाल व्यापार एकीकृत रणनीतिबीच तादात्म्यता, आपूर्तिजन्य क्षमता विकास, उत्पादन र उत्पादकत्वमा वृद्धि, सेवा व्यापार, बौद्धिक सम्पतिको संरक्षण र प्रवर्द्धन, व्यापार मूलप्रवाहीकरण, व्यापारका लागि सहायता, संस्थागत सामाजिक उत्तरदायित्व, व्यापार र वातावरण, अनुगमन संयन्त्रको व्यवस्था जस्ता विषयहरु समावेश गरी विश्वव्यापार प्रणालीले उपलब्ध गराएका अवसरहरुको उपयोग गरी व्यापार घाटा न्यूनीकरण गर्न आवश्यक भएकोले वाणिज्य नीति, २०६५ लाई प्रतिस्थापन गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२/०४/२५ को निर्णयबाट वाणिज्य नीति, २०७२ स्वीकृत गरी जारी गरिएको छ ।

आपूर्तिजन्य क्षमताको सुदृढीकरण गर्ने र विश्वबजारमा मूल्य अभिवृद्धियुक्त निर्यात संभाव्य वस्तु तथा सेवाको निकासी बढाई व्यापार घाटा कम गर्ने र क्षेत्रीय तथा विश्वबजारमा वस्तु, सेवा र बौद्धिक सम्पतिको पहुँच वृद्धि गर्ने उद्देश्य एवं सोही अनुरुपका रणनीति, नीति तथा कार्यनीतिहरु मार्फत निकासी प्रवर्द्धन गरी समावेसी र दिंगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य तथा निकासी प्रवर्द्धन मार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक समृद्धि हासिल गर्ने दूरदृष्टि मा पुग्न वाणिज्य नीति, २०७२ सहयोगी हुने अपेक्षा गरिएको छ । साथै यस नीतिको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण सरोकारवाला निकायहरु(सरकारी, निजी क्षेत्र, नागरिक समाज, उद्योगी/व्यवसायीहरु, वुद्धिजिवी वर्ग, दातृ समुदाय) सबैको समन्वयात्मक र सक्रिय भूमिकाको अपेक्षा गरिएको छ ।

मितिः २०७२/०५/०७

डइन्द्रप्रसाद उपाध्याय
सचिव
वाणिज्य तथा आपूर्ति मन्त्रालय

**विषय सूची**


| **क.सं.** | | **पेज नं.** |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | विगतका प्रयासहरू | १ |
| ३. | वर्तमान स्थिति | २ |
| ४. | मुख्य समस्या तथा चुनौतीहरू | २ |
| ५. | नयाँ नीतिको आवश्यकता | २ |
| ६. | दूरदृष्टि | ३ |
| ७. | लक्ष्य | ३ |
| ८. | उद्देश्य | ३ |
| ९. | रणनीति | ३ |
| १०. | नीति तथा कार्यनीति | ४ |
| ११. | संस्थागत व्यवस्था | १५ |
| १२. | आर्थिक पक्ष | १७ |
| १३. | कानुनी व्यवस्था | १७ |
| १४. | अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था | १७ |
| १५. | जोखिम तथा अनुमान | १७ |
| १६. | बाधा अड्काउ फुकाउने अधिकार | १८ |
| १७. | खारेजी र बचाउ | १८ |
| | अनुसूची | |

# वाणिज्य नीति, २०७२

## १. पृष्ठभूमि

खुला एवं बजारोन्मुख वाणिज्य नीतिले स्रोत साधनको परिचालन, आर्थिक विकास र गरिबी निवारणमा सकारात्मक प्रभाव पार्छ भन्ने मान्यता बमोजिम नेपालले दुई दशक अघिदेखि यस्तो नीति अवलम्बन गर्दै आएको छ । वाणिज्य क्षेत्रलाई खुला र उदार आर्थिक नीतिको अवधारणा बमोजिम अघि बढाउने सिलसिलामा वि.सं. २०४९ मा वाणिज्य नीति जारी गरिएको थियो । उक्त नीतिले वाणिज्य क्षेत्रलाई प्रतिस्पर्धात्मक र गतिशील बनाउन तथा वाणिज्य क्षेत्रमा निजी क्षेत्रको भूमिकालाई बढाउन कोशेढुंगाको रूपमा कार्य गरेको थियो । नेपालको बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार प्रणालीसँगको आबद्धता र अन्य समसामयिक विषयहरूलाई अद्यावधिक गर्न वाणिज्य नीति, २०६५ कार्यान्वयनमा ल्याइएको थियो । हाम्रा छिमेकी मुलूक लगायत नेपालजस्ता अतिकम विकसित मुलूकले समेत अन्तर्राष्ट्रिय व्यापारबाट अर्थतन्त्रमा उल्लेखनीय प्रगति गरेको भएता पनि नेपालको व्यापार घाटा दिनानुदिन बढ्दै गइरहेको परिस्थितिमा विद्यमान बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिन समसामयिक विषयहरूलाई समावेश गरी वाणिज्य नीति, २०७२ जारी गरिएको छ ।

## २. विगतका प्रयासहरू

नेपालले वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात् खुला, उदार तथा बजारमुखी अर्थव्यवस्था अवलम्बन गर्दै आएको हो । आठौं पञ्चवर्षीय योजना (वि.सं.२०४९-२०५४) देखि नै वाणिज्य क्षेत्रको विकासका साथै अर्थतन्त्रको स्थायित्व र समृद्धिका लागि खुला अर्थतन्त्रमा आधारित विभिन्न नीति तथा रणनीतिहरू तर्जुमा गरिएका थिए । यसै क्रममा वाणिज्य नीति, २०४९ कार्यान्वयनमा ल्याइएको थियो । अन्तर्राष्ट्रिय व्यापार र समग्र वाणिज्य क्षेत्रमा आएको गतिशीलता, बहुपक्षीय र क्षेत्रीय व्यापार प्रणालीसँगको आबद्धता, द्विपक्षीय एवं स्वतन्त्र व्यापार क्षेत्रको विस्तार तथा व्यापार सहजीकरण जस्ता समसामयिक विषयलाई नीतिमा समावेश गर्न तत्कालीन वाणिज्य नीति, २०४९ लाई प्रतिस्थापन गरी वाणिज्य नीति, २०६५ कार्यान्वयनमा ल्याइएको थियो । उक्त नीतिमा विशेष केन्द्रित क्षेत्र र जोड दिइएका क्षेत्रहरूको विकास एवं निर्यात प्रवर्द्धन गर्नेतर्फ संस्थागत व्यवस्था समेत गरी कार्यान्वयन गर्ने प्रयास गरेको थियो । यसका साथै आवधिक योजनाहरूमा वाणिज्य क्षेत्रलाई महत्वपूर्ण रूपमा समावेश गरिँदै आएको र चालु तेह्रौं योजना (आ.व. २०७०/७१- २०७२/७३) ले पनि प्राथमिकता प्राप्त क्षेत्रका रूपमा उल्लेख गरेको छ ।

नेपालले निर्यात व्यापारबाट फाइदा लिन व्यापार वार्तालाई सुदृढ गर्ने, निर्यात क्षमता वृद्धि गर्ने, व्यापारको लागि सहयोगलाई संयोजन र व्यवस्थापन गर्ने उद्देश्यले नेपाल व्यापार एकीकृत रणनीति, २०१० को तर्जुमा गरी क्षेत्रगत निकायसँगको समन्वयमा उक्त रणनीतिको कार्यान्वयन गर्दै आएको छ । त्यसैगरी विश्व व्यापार संगठन लगायत क्षेत्रीय र द्विपक्षीय व्यापार सम्झौताले प्रदान गरेका सुविधा तथा सहुलियतहरूको अधिकतम उपयोगको लागि नीतिगत सामञ्जस्य गर्ने लगायतका कार्यहरू समन्वयात्मक रूपमा जारी रहेका छन् ।

३. **वर्तमान स्थिति**

विश्व व्यापार संगठनको सदस्यता प्राप्तिसँगै मुलुकले अन्तर्राष्ट्रिय बजारमा सहज पहुँचको अवसर प्राप्त गर्नुका साथै सो संगठनले अतिकम विकसित राष्ट्रको व्यापार क्षमता अभिवृद्धिका लागि उपलब्ध गराउने प्राविधिक तथा आर्थिक सहायताबाट लाभान्वित हुने अवसर प्राप्त भएको छ। यस किसिमका अवसरहरूका बावजुद पनि नेपालको व्यापार घाटा निरन्तर रूपमा बढिरहेको छ। नेपालले निर्यात गर्ने मुख्य वस्तुहरू न्यून मूल्ययुक्त रहेको, निर्यातको मूल्यवृद्धि कमजोर रहेको र आयात गर्ने मुख्य वस्तुहरूमा पेट्रोलियम पदार्थ, सवारी साधन तथा विलासिताका सामानहरूको मात्रा बढी भएकोले व्यापार घाटाको आकार दिनानुदिन बढिरहेको छ।

नेपालले बजारोन्मुख अर्थ व्यवस्था आत्मसात् गरेको दुई दशक पुरा हुँदा पनि अपर्याप्त भौतिक पूर्वाधार, कमजोर श्रम सम्बन्ध, अपर्याप्त संस्थागत समन्वय र लगानी-मैत्री वातावरणमा अपेक्षित सुधार हुन नसक्नु लगायतका कारणले अपेक्षाकृत वैदेशिक लगानी आकर्षित गर्न सकिएको छैन। जनसंख्याको वृद्धिसँगै आन्तरिक उत्पादन बढ्न नसक्नु र विप्रेषणका कारण उपभोग र आयात गर्न सक्ने क्षमताको अभिवृद्धिको कारण आयात निरन्तर बढिरहेको छ।

यसका साथै वि. सं. २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पहरूबाट वाणिज्य क्षेत्रमा भएको ठूलो क्षति तथा नोक्सानीबाट निर्यात क्षमता अझ कमजोर बनेको तथा आयात उच्च रूपमा वृद्धि भइरहेकोले व्यापार घाटा थप वृद्धि हुँदै जाने अवस्था सृजना भएको छ।

४. **मुख्य समस्या तथा चुनौतीहरू**

निर्यात र आयातबीचको बढ्दो खाडलले निरन्तर बढिरहेको व्यापार घाटालाई वाञ्छित सीमामा ल्याउनु मुख्य चुनौतीको रूपमा रहेको छ। नेपालले बढी मात्रामा कच्चा पदार्थ, प्राथमिक वस्तु तथा अर्धप्रशोधित वस्तुको निर्यात गर्ने भएकोले निर्यातको मूल्य वृद्धि कमजोर हुनु, समग्र उत्पादन र उत्पादकत्व कमजोर हुनु, औद्योगिक क्षेत्रको उत्पादन घट्नु, नेपाल एकीकृत व्यापार रणनीति, २०१० ले पहिचान गरेका वस्तु तथा सेवाको निकासी उत्साहजनक नहुनु, गुणस्तर परीक्षण, प्रमाणीकरण, लेवलिङ्ग र प्याकेजिङ्ग सम्बन्धी कमजोर अवस्था हुनु, व्यापारजन्य भौतिक पूर्वाधारको अवस्था कमजोर हुनु, विशेष आर्थिक क्षेत्रको कार्यान्वयनमा ढिलाइ हुनु, पर्याप्त मात्रामा ऊर्जाको आपूर्ति नहुनु, कमजोर श्रम सम्बन्ध र संस्थागत समन्वय मजबुत नहुनु लगायतका कारणले निकासी व्यापारको आपूर्तिजन्य क्षमतामा अपेक्षित वृद्धि हुन सकेको छैन।

५. **नयाँ नीतिको आवश्यकता**

तेह्रौं योजनाले लिएको वि.सं.२०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच तथा गरिबी घटाउने उद्देश्यलाई मार्गदर्शनको रूपमा लिई यो नीतिको दूरदृष्टि, उद्देश्य, रणनीति, नीति र कार्यनीति तर्जुमा गरिएको छ। त्यसैगरी योजना अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनसँग वस्तु निकासीको अनुपात ६ प्रतिशत, वस्तु तथा सेवा निकासीको अनुपात १२

प्रतिशत र व्यापार घाटा २० प्रतिशतमा झार्ने योजनाको व्यवस्थालाई समेत ध्यानमा राखिएको छ ।

वाणिज्य नीति, २०६५ का प्रावधानहरू कार्यान्वयनकै क्रममा रहेको भए तापनि आवश्यक र महत्वपूर्ण प्रावधानहरूको कार्यान्वयन प्रभावकारी हुन नसक्नु, अन्तराष्ट्रिय व्यापारमा नयाँ विषयहरु आउनु र व्यापार घाटामा निरन्तर वृद्धि हुनु जस्ता सवालहरूलाई सम्बोधन गर्न नयाँ नीतिको आवश्यकता महसुस गरिएको छ । त्यसैगरी विश्व व्यापार प्रणाली खासगरी विश्व व्यापार संगठनको नवौं मन्त्रिस्तरीय सम्मेलनमा व्यापार सहजीकरण सम्झौता, अतिकम विकसित देशलाई सेवा व्यापारमा छुट, सहुलियतपूर्ण उत्पत्तिको नियम, भन्सार तथा कोटारहित बजार पहुँच सम्बन्धी निर्णयलाई समेत कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ । साथै वाणिज्य नीति र नेपाल व्यापार एकीकृत रणनीतिबीच तादात्म्य, आपूर्तिजन्य क्षमता विकास, उत्पादन र उत्पादकत्वमा वृद्धि, सेवा व्यापार, बौद्धिक सम्पत्तिको संरक्षण र प्रवर्द्धन, व्यापार मूलप्रवाहीकरण, व्यापारका लागि सहायता, संस्थागत सामाजिक उत्तरदायित्व, व्यापार र वातावरण, अनुगमन संयन्त्रको व्यवस्था जस्ता विषयहरू समावेश गरी विश्वव्यापीकरण, आर्थिक उदारीकरण र विश्व व्यापार प्रणालीले उपलब्ध गराएका अवसरहरूको उपयोग गरी व्यापार घाटा कम गर्नुपर्ने भएकोले वाणिज्य नीति, २०६५ को पुनरावलोकन गरी नयाँ वाणिज्य नीति, २०७२ तर्जुमा गर्न आवश्यक भएको हो ।

विकास सहायता नीति, २०७१, विदेशी लगानी नीति, २०७१, कृषि विकास रणनीति, २०७२ र तर्जुमाको क्रममा रहेका औद्योगिक व्यवसाय ऐन लगायतका क्षेत्रगत नीतिहरूसँग सामञ्जस्य कायम गर्न अनिवार्य भएको छ । त्यस्तै निर्यात प्रवर्द्धनका अतिरिक्त देशभित्र ठूलो मात्रामा आयात भइरहेका कृषि/उद्योगजन्य तथा आधारभूत वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व बढाई स्वावलम्बी तथा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न तथा आयात गर्नुपर्ने वस्तुहरूको वर्गीकरण गरी सोही अनुरूप गुणस्तर नियन्त्रण, नियमन तथा सहजीकरण गर्न समेत आवश्यक देखिएको छ ।

यसका साथै हालै ठूलो धनजनको क्षति हुने गरी गएको विनाशकारी भूकम्पबाट व्यापारका क्षेत्रमा भएको क्षति तथा नोक्सानी पश्चात् पहिचान गरिएका यस क्षेत्रका आवश्यकताहरूलाई समेत सम्बोधन गर्न वाणिज्य नीति, २०७२ तर्जुमा गरिएको छ ।

## ६. दूरदृष्टि

निकासी प्रवर्द्धन मार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक समृद्धि हासिल गर्ने ।

## ७. लक्ष्य

निकासी प्रवर्द्धन गरी समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने ।

## ८. उद्देश्य

८.१. आपूर्तिजन्य क्षमताको सुदृढीकरण गर्ने र विश्व बजारमा मूल्य अभिवृद्धियुक्त प्रतिस्पर्धी वस्तु तथा सेवाको निकासी बढाई व्यापार घाटा कम गर्ने ।

८.२. क्षेत्रीय तथा विश्व बजारमा वस्तु, सेवा र बौद्धिक सम्पत्तिको पहुँच वृद्धि गर्ने ।

## ९. रणनीति

आपूर्तिजन्य क्षमताको सुदृढीकरण गर्ने र विश्व बजारमा मूल्य अभिवृद्धियुक्त प्रतिस्पर्धी वस्तु तथा सेवाको निकासी बढाई व्यापार घाटा कम गर्ने सम्बन्धी रणनीति

९.१. सरकारले सहजकर्ता, उत्प्रेरक र नियामकको भूमिका निर्वाह गर्दै निजी क्षेत्रको सक्रिय सहभागिता अभिवृद्धि गर्ने ।

९.२. तुलनात्मक र प्रतिस्पर्धी लाभका वस्तुहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने ।

९.३. आपूर्तिजन्य क्षमता सुदृढीकरण गर्दै व्यापार घाटा कम गर्ने ।

९.४. निर्यातजन्य सेवा क्षेत्रहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने ।

९.५. व्यापार सहजीकरण तथा संस्थागत सुदृढीकरणको माध्यमबाट कारोवार लागत घटाउने ।

९.६. व्यापारलाई अर्थतन्त्रको मुख्य सम्भागको रूपमा स्थापित गर्न मूलप्रवाहीकरण गर्ने ।

**क्षेत्रीय तथा विश्व बजारमा वस्तु, सेवा र बौद्धिक सम्पत्तिको पहुँच वृद्धि गर्ने सम्बन्धी रणनीति**

९.७. बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय संयन्त्र तथा व्यापार कूटनीतिको माध्यमबाट बजार विस्तार र व्यापारजन्य क्षमता अभिवृद्धि गर्ने ।

९.८. वस्तु र सेवा व्यापारलाई प्रतिस्पर्धी एवं सुदृढ बनाई एक अर्काको समपूरकको रुपमा क्षेत्रीय तथा विश्वव्यापी उत्पादन सञ्जालमा आबद्ध गर्ने ।

९.९. व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको प्रवर्द्धन र संरक्षण गरी विश्व बजारमा नेपाली उत्पादनको पहुँच बढाउने ।

## १०. नीति तथा कार्यनीति

### १०.१. सरकारले सहजकर्ता, उत्प्रेरक र नियामकको भूमिका निर्वाह गर्दै निजी क्षेत्रको सक्रिय सहभागिता अभिवृद्धि गर्ने

१०.१.१ निजी क्षेत्रको अगुवाइमा निर्यात व्यापारलाई वस्तुगत एवं देशगत विविधीकरण गरी प्रतिस्पर्धी बनाउन सरकारबाट सहजकर्ता, उत्प्रेरक र नियामकको भूमिका निर्वाह गरिनेछ ।

१०.१.२ अन्तर्राष्ट्रिय व्यापारबाट अधिकतम लाभ लिन नेपाल व्यापार एकीकृत रणनीतिको समसामयिक पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ ।

१०.१.३ नेपालको निर्यात व्यापार अभिवृद्धिका लागि प्रक्रियागत व्यवस्थामा समयानुकूल सुधार गरी सरल र पारदर्शी बनाइनेछ ।

१०.१.४ निर्यात व्यापारसँग सम्बन्धित निजी क्षेत्र र गैरसरकारी संस्थाको क्षमता अभिवृद्धि गरिनेछ ।

१०.१.५ उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउन कार्यविधि तयार गरी लागू गरिनेछ ।

१०.१.६ उद्यमी, व्यवसायी, व्यापारिक संस्थाहरूमा संस्थागत सामाजिक उत्तरदायित्वको विषयलाई लागू गर्न प्राथमिकता दिइनेछ ।

१०.१.७ व्यापारलाई समयानुकूल, मितव्ययी र भरपर्दो बनाउन विद्युतीय व्यापारको प्रवर्द्धन गरिनेछ ।

१०.१.८ निर्यात व्यापार प्रवर्द्धन र विस्तार गर्न प्रमुख निर्यातकर्ताहरू एवं विदेशस्थित नेपाली वस्तुका प्रमुख आयातकर्ताहरूलाई सम्मान गरिनेछ ।

१०.१.९ प्राथमिकता प्राप्त निर्यातमूलक वस्तुका उत्पादक र निकासीकर्तालाई मूल्य अभिवृद्धिका आधारमा छुट र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१०.१.१० निकासीलाई प्रोत्साहन गर्न निर्यात ऋण योजना र बीमा योजना कार्यान्वयनमा ल्याइनेछ ।

१०.१.११ कृषि, वन पैदावार लगायतका व्यावसायिक खेती गर्न लिजमा जग्गा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०.१.१२ निर्यातमूलक उद्योगले आयात गरेको वा स्थानीयस्तरमा खरिद गरेको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा लागेको कर निर्यात परिमाणको आधारमा फिर्ता दिइनेछ ।

१०.१.१३ स्थानीय उद्योगसँग निर्यातमूलक उद्योग वा कम्पनीले करार गरी खरिद गरेका वस्तु निर्यात पश्चात् निर्यात परिमाणको आधारमा उत्पादकलाई मूल्य अभिवृद्धि कर र अन्तःशुल्क फिर्ता गरिनेछ ।

१०.१.१४ निर्यातमूलक उद्योगहरूलाई नवीनतम प्रविधिहरूको आयातमा प्रोत्साहन तथा सुविधा उपलब्ध गराइनेछ ।

१०.१.१५ निर्यात हुने वस्तु र सोको उत्पादनको लागि चाहिने कच्चा पदार्थ, मेशिन लगायतका सामान मुलुकभित्र ओसारपसार गर्दा कुनै किसिमको शुल्क नलाग्ने व्यवस्था मिलाइनेछ ।

१०.१.१६ निर्यातमूलक उद्योगहरूले स्वदेशी कच्चा पदार्थ प्रयोग गरेमा छुट तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१०.१.१७ आयातलाई व्यवस्थापन गर्न मानव, पशुपंक्षी तथा वनस्पति स्वास्थ्य र वातावरणमा प्रतिकूल असर गर्ने लगायतका वस्तुहरूको क्वारेन्टाइन जाँच लगायत गैर भंसारजन्य उपायहरु (Non Tariff Measures) को प्रभावकारी प्रयोग गरिनेछ । साथै एन्टीडम्पिङ्ग, काउन्टरभेलिङ्ग र सेफगार्ड सम्बन्धी कानून ल्याइने छ ।

१०.१.१८ देशमा रोजगारी सृजना र आर्थिक वृद्धिमा सहयोग पुग्ने गरी निर्यातयोग्य वस्तु तथा सेवाको अग र पृष्ठ सम्वन्ध (Forward and Backward Linkage) लाई सुदृढ गरिनेछ ।

१०.१.१९ देशभित्र स्थापना भएका उद्योगहरूको संरक्षण, प्रवर्द्धन र विकासका लागि बहुपक्षीय व्यापार सम्झौता अनुकूल हुने गरी उपयुक्त उपायहरू अवलम्वन गरिनेछ ।

### १०.२. तुलनात्मक र प्रतिस्पर्धी लाभका वस्तुहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने

१०.२.१ विश्वबजारको माग अनुरूपका तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमतायुक्त वस्तुहरूको पहिचान, छनौट, विकास, प्रवर्द्धन र निर्यातका लागि निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

१०.२.२ नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरे लगायतका वस्तुहरूको प्रतिस्पर्धी क्षमतावृद्धि गर्न मूल्य शृङ्खला विकासमा सहयोग गरिनेछ ।

१०.२.३ जिल्ला उद्योग वाणिज्य संघहरूको समन्वयमा निश्चित जिल्ला वा क्षेत्रका निर्यात सम्भाव्य वस्तुहरुको पहिचान र छनौट गरिनेछ । यसरी छनौट भएका वस्तुको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न सार्वजनिक-निजी-साझेदारी अवधारणा मार्फत मूल्य शृङ्खला विकास गरिनेछ ।

१०.२.४ निर्यातजन्य वस्तुहरूको उत्पादन, उत्पादन क्षमता र गुणस्तर वृद्धि गर्न आवश्यक पर्ने सीप, पूँजी, प्रविधि आदि उपलब्ध गराउन सहयोग पुऱ्याइनेछ ।

१०.२.५ गुणस्तर प्रमाणीकरण, निरीक्षण र अनुगमनका लागि कानूनी, प्राविधिक तथा अन्य आवश्यक आधारशिलाको स्थापना, सूचना प्रवाह र दक्ष जनशक्तिको व्यवस्था गरिनेछ ।

१०.२.६ गुणस्तर प्रमाणीकरण सम्बन्धी मौजुदा प्रयोगशालाहरूको सुदृढीकरण गरिनेछ । साथै आवश्यकता अनुसार बहुउद्देश्यीय प्रयोगशाला (Multi Functional Lab) र Reference Lab को स्थापना गरिनेछ ।

१०.२.७ वस्तुहरूको गुणस्तर कायम गर्न प्रचलित आन्तरिक, क्षेत्रीय र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार गुणस्तर निर्धारण गर्ने कार्य थप प्रभावकारी बनाइनेछ ।

१०.२.८ अन्तर्राष्ट्रिय स्तरका व्यापारिक संस्थाहरूको निजी मापदण्ड (Private Standard) पूरा गर्न प्रोत्साहन गरिनेछ ।

१०.२.९ निर्यातयोग्य वस्तु तथा सेवाका सम्भाव्य बजारहरूको खोजी गरी निर्यात प्रवर्द्धन गरिनेछ ।

१०.२.१० निजी क्षेत्रको योगदान समेत सुनिश्चित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना गर्न र मेलामा भाग लिन सहयोग गरिनेछ ।

१०.२.११ निर्यात व्यापारका गैर भन्सारजन्य अवरोधहरू हटाई निर्यात प्रवर्द्धन गरिनेछ ।

१०.२.१२ उत्पत्तिको प्रमाणपत्र जारी गरेबापत प्राप्त हुने रकमलाई जारी गर्ने निकायले निर्यात प्रवर्द्धन र वस्तु विकास कार्यमा खर्च गर्ने व्यवस्था गरिनेछ ।

१०.२.१३ नेपालमा निर्यात सम्भावना भएका वस्तुहरूको प्रशोधन गरी निर्यात गर्नका लागि Common Facility Center स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

१०.२.१४ निर्यात सम्भाव्य क्षेत्र तथा वस्तुहरूको निर्यात रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०.२.१५ निर्यातयोग्य कृषि तथा वनजन्य वस्तुहरूको संकलन एवं प्रशोधन गरी निर्यात अभिवृद्धि गर्न प्रशोधन केन्द्रहरू स्थापना गर्न सहयोग पुऱ्याइनेछ ।

१०.२.१६ भूकम्पको प्रभावबाट अग्र र पृष्ठ सम्बन्ध टुटेका उद्योगी व्यवसायीहरूको उक्त सम्बन्ध कायम गर्न आवश्यक सहयोग गरिनेछ ।

## १०.३. आपूर्तिजन्य क्षमता सुदृढीकरण गर्दै व्यापार घाटा कम गर्ने

१०.३.१ व्यापारजन्य पूर्वाधारको विकास, विस्तार र सुदृढीकरण गरिनेछ ।

१०.३.२ उत्पादित वस्तु तथा सेवाको बजार पहुँच सहज तुल्याउन यातायात एवं पूर्वाधार विकासमा जोड दिइनेछ ।

१०.३.३ निजी क्षेत्र समेतको सहभागितामा काठमाण्डौमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी स्थल निर्माण गरिनेछ । साथै क्रमशः पाँच विकास क्षेत्रमा राष्ट्रिय प्रदर्शनी स्थल निर्माण गर्दै लगिनेछ ।

१०.३.४ निर्यातलाई प्रभावकारी बनाउन विभिन्न स्थानमा स्थानीय निकाय तथा सहकारी संघ-संस्था मार्फत शीत भण्डारको निर्माण गरिनेछ ।

१०.३.५ निकासीयोग्य वस्तुको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता वृद्धिका लागि निजी एवं सहकारी क्षेत्रको संलग्नतामा वस्तु विकास लगायतका कार्य गरिनेछ ।

१०.३.६ निकासीयोग्य वस्तुको ब्राण्डिङ्ग, गुणस्तर प्रमाणीकरण, भन्सार जाँचपास प्रक्रिया लगायतका विषयमा सरकारी र निजी क्षेत्रका जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।

१०.३.७ निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न नवीनतम प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

१०.३.८ नेपालमा उत्पादन सम्भावना भएका तर आयात गर्नु परिरहेका औद्योगिक र कृषिजन्य (खाद्यान्न, तरकारी, फलफूल लगायतका) वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

१०.३.९ उद्योगहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न विद्युत लगायतका पूर्वाधारको सुनिश्चितताको लागि सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ ।

१०.३.१० उत्पादनस्तरमा लागत प्रभावी उपायहरू अपनाउनुका साथै आपूर्तिजन्य कठिनाइहरू हटाउन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१०.३.११ स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी निकासी प्रवर्द्धन गर्न विशेष आर्थिक क्षेत्र र निर्यात प्रवर्द्धन क्षेत्रहरूको स्थापना एवं विस्तार गरिनेछ ।

१०.३.१२ विशेष आर्थिक क्षेत्रको आसपासका क्षेत्रमा निकासीजन्य उद्योगहरूलाई कच्चा एवं अर्धप्रशोधित सहायक वस्तु उपलब्ध गराउने प्रकृतिका उद्योगहरू (Ancilliary Industries) स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

१०.३.१३ स्थानीय निकाय, निजी क्षेत्र र सहकारी संस्थाको सहभागितामा स्थानीय स्तरमा निकासी प्रवर्द्धन गृहको स्थापना र सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१०.३.१४ उद्यमशीलतामा जोड दिँदै स्वदेशी कच्चा पदार्थमा आधारित निकासीजन्य वस्तुहरूको उत्पादन गर्ने उद्योगहरूमा नयाँ प्रविधि अपनाउन र उत्पादन प्रक्रियामा सुधार गर्न प्रोत्साहित गरिनेछ ।

१०.३.१५ विविधताको अवसरलाई उपयोग गरी निर्यातजन्य वस्तुहरूको उत्पादन एवं प्रशोधन अन्तर्राष्ट्रिय माग बमोजिमको बनाउन प्याकेजिङ, लेबलिङ्ग, भण्डारण र प्रमाणीकरणमा सहयोग पुऱ्याइनेछ ।

१०.३.१६ निर्यात प्रवर्द्धनका लागि असल कृषि अभ्यास र प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरिनेछ ।

१०.३.१७ निर्यात व्यापारलाई प्रतिस्पर्धी बनाउन हाल निर्मित सुख्खा बन्दरगाह क्षेत्रहरूको नजिक निजी क्षेत्रको संलग्नतामा निर्यात प्रशोधन क्षेत्रहरूको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१०.३.१८ हालसालै गएको विनासकारी भूकम्पबाट अति प्रभावित जिल्लाहरूमा निजी क्षेत्रसँगको सहकार्यमा उद्योगी व्यवसायीहरूको क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.३.१९ भूकम्पबाट भएको क्षतिको असर न्यूनीकरण गर्न निर्यात क्षमता अभिवृद्धि र व्यापारजन्य पूर्वाधार निर्माणमा व्यापारका लागि सहायता परिचालन गरिनेछ ।

## १०.४. निर्यातजन्य सेवा क्षेत्रहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने

१०.४.१ सेवा व्यापारलाई सरल, सहज र प्रभावकारी बनाउन नीतिगत तथा संस्थागत व्यवस्था एवं प्रक्रियागत सरलीकरण गरिनेछ ।

१०.४.२ सेवा व्यापार प्रवर्द्धनको लागि विद्यमान कानूनहरू परिमार्जन र आवश्यक नयाँ कानूनहरू तर्जुमा गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ ।

१०.४.३ सेवा व्यापार सम्बन्धी सम्पर्क विन्दुका रूपमा काम गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयको क्षमता अभिवृद्धि गरिनेछ ।

१०.४.४ बहुपक्षीय,क्षेत्रीय र द्विपक्षीय स्तरमा हुने सम्झौता तथा वार्ताहरूमा सेवा व्यापार प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ ।

१०.४.५ सूचना प्रविधितथा Business Process Outsourcing लगायतका सेवा निर्यातकहरूलाई सरल र सहज ढंगबाट भुक्तानी प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१०.४.६ नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरे लगायतका सेवा क्षेत्रहरूको निर्यात बढाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

१०.४.७ विश्व व्यापार संगठन र क्षेत्रीय व्यापार सम्झौताहरूमा भएको प्रावधान अनुरूप चौथो मोड (Mode-4) अन्तर्गतको सेवा व्यापार विस्तार गर्न अर्धदक्ष/दक्ष जनशक्ति तयार गरिनेछ ।

१०.४.८ विश्व व्यापार संगठनको सेवा व्यापार सम्वन्धी प्रावधान बमोजिम विकसित मुलूकले अतिकम विकसित मुलूक (LDCs) लाई दिएको सेवा व्यापारमा छुट (Service Waiver) बाट अधिकतम फाइदा लिन सो सम्बन्धी क्षेत्र/उपक्षेत्र/मोडको पहिचान गरी वार्ता तथा सम्झौता गरिनेछ ।

१०.४.९ सेवा व्यापार प्रवर्द्धनमा निजी क्षेत्रलाई प्रोत्साहित गरी आवश्यकता अनुसार स्वदेशी तथा विदेशी लगानी परिचालन गरिनेछ ।

१०.४.१० निर्यात सम्भाव्य सेवा क्षेत्र र उपक्षेत्रका विभिन्न मोडहरू मार्फत सेवा निर्यात गर्न अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन र विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.४.११ वैदेशिक रोजगारीको अवसर उपलब्ध गराएका देशहरूसँग श्रम सम्झौता गर्दा रोजगार प्रदायक देशहरूले उनीहरूलाई राष्ट्रिय व्यवहार र अति सौविध्यपूर्ण राष्ट्रको व्यवहार गर्ने व्यवस्थाको सुनिश्चितताका लागि आवश्यक पहल तथा सहजीकरण गरिनेछ ।

१०.४.१२ नेपालका विश्वविद्यालय तथा प्राविधिक/व्यावसायिक तालिम केन्द्रहरूबाट जारी गरिएका शैक्षिक उपाधि, योग्यताका प्रमाणपत्रहरूलाई मान्यता दिलाउनको लागि पारस्परिक मान्यता सम्झौता गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ ।

**१०.५. व्यापार सहजीकरण तथा संस्थागत सुदृढीकरणको माध्यमबाट कारोवार लागत घटाउने**

१०.५.१ निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरणका लागि गुरुयोजना बनाइनेछ ।

१०.५.२ विश्व व्यापार संगठनको नवौं मन्त्रिस्तरीय सम्मेलनले पारित गरेको व्यापार सहजिकरण सम्झौताको कार्यान्वयन गर्न संझौतामा व्यवस्था भए बमोजिम आर्थिक तथा प्राविधिक सहायता लिन व्यापार सहजिकरण सम्वन्धी प्रावधानलाई वर्गिकरण गरिनेछ ।

१०.५.३ अन्तर्राष्ट्रिय व्यापार प्रणाली अनुरूपको भन्सार मूल्याङ्कन विधि अवलम्बन गर्दै भन्सार प्रक्रियालाई सरल, आधुनिक र प्रभावकारी बनाइनेछ ।

१०.५.४ भन्सार जाँचपास प्रक्रियालाई सरल एवं चुस्त बनाउन छिमेकी राष्ट्रका भन्सार बिन्दुहरूसँग समेत समन्वय गरी एकीकृत जाँच चौकीको निर्माण र विस्तार गरिनेछ ।

१०.५.५ आयात निर्यातको समग्र प्रक्रियालाई सरल, छरितो र लागत प्रभावी बनाइनेछ ।

१०.५.६ नेपालको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी सूचना सङ्कलन, प्रशोधन र सम्प्रेषणलाई प्रभावकारी बनाइनेछ ।

१०.५.७ व्यापारिक नाकाहरूलाई रेलमार्ग तथा फराकिला राजमार्गबाट जोड्न अध्ययन गराइनुका साथै विद्यमान उत्तर-दक्षिण सडक मार्गहरूको सुधार र स्तरोन्नति गरिनेछ ।

१०.५.८ भारत र चीनबीचको स्थलमार्गबाट हुने द्विपक्षीय व्यापारमा नेपाललाई पारवहन बिन्दुको रूपमा विकास गर्ने उद्देश्यबाट पहिचान गरिएका मुख्य भन्सार नाका तथा अन्य सम्भाव्य स्थानहरूमा पूर्वाधार निर्माण गरिनेछ ।

१०.५.९ काठमाण्डौको अन्तर्राष्ट्रिय विमानस्थलको कार्गो कम्प्लेक्सलाई सुव्यवस्थित गर्ने र अन्य मुलुकका कार्गो विमानहरूको उडानमा वृद्धि गर्न पहल गरिनेछ ।

१०.५.१० सुख्खा बन्दरगाह, शीत भण्डार, कन्टेनर फ्रेट स्टेसन, सडक लगायतका व्यापारजन्य पूर्वाधारहरूको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप निर्माण तथा स्तरोन्नति गरिनेछ ।

१०.५.११ आयात निर्यातको नियमन, भन्सार मूल्याङ्कन तथा जाँचपास, गुणस्तर परीक्षण तथा प्रमाणीकरण लगायतका सेवाहरू विद्युतीय माध्यमबाट प्रवाह हुने गरी एकद्वार प्रणालीको स्थापना गरिनेछ ।

१०.५.१२ पारवहन सेवालाई प्रभावकारी बनाउन सीमावर्ती भन्सार नाकाहरूमा गोदाम सुविधा, भन्सार सम्बन्धी सूचना प्रवाहमा वृद्धि र ढुवानी एवं Clearing and Forwarding को सेवा विस्तार गरिनेछ ।

१०.५.१३ छिमेकी राष्ट्रहरूको बन्दरगाहबाट सरल र सहज ढङ्गबाट कार्गो सामान बहुविधिक ढुवानी सेवाका आधारमा नेपालको भन्सार/सुख्खा बन्दरगाहसम्म ल्याउन पाउने व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१०.५.१४ सीमा तथा अन्तर्राष्ट्रिय विमानस्थलस्थित प्रमुख भन्सार कार्यालयहरूमा नापतौल मेसिन, एक्स-रे मेसिन, ल्याबोरेटरी, कम्प्युटर डाटा व्यवस्थापन, क्वारेन्टाइन जाँचपास तथा शीत भण्डारको व्यवस्था गरिनेछ ।

१०.५.१५ निर्माणाधीन सुख्खा बन्दरगाह लगायतका व्यापारजन्य पूर्वाधारहरूको निर्माण यथासमयमा सम्पन्न गर्ने तथा विद्यमान सुख्खा बन्दरगाहहरूको प्रभावकारी सञ्चालन र उपयोग गरिनेछ । साथै आवश्यकतानुसार थप सुख्खा बन्दरगाह निर्माण गरिनेछ ।

१०.५.१६ विद्यमान नेपाल-भारत व्यापार सम्झौता र रेल सम्झौतामा पुनरावलोकन तथा परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । साथै अन्य सम्भावित बिन्दुहरूमा समेत रेलसेवा विस्तार गर्न पहल गरिनेछ ।

१०.५.१७ नेपालभित्र स्थापना भएका र हुने सुख्खा बन्दरगाह, कन्टेनर फ्रेट स्टेशन, एकीकृत जाँच चौकीको व्यवस्थापन र सञ्चालनको नियमन गर्न आवश्यक सांगठनिक संरचना र जनशक्ति सहितको इन्टरमोडल यातायात विकास प्राधिकरणको स्थापना गरिनेछ ।

१०.५.१८ आयातमा बन्देज र परिमाणात्मक बन्देज लगाइएका वस्तुहरू बाहेक अन्य वस्तु बैंकिङ्ग प्रणाली मार्फत आयात गर्दा इजाजत-पत्र नचाहिने व्यवस्था गरिनेछ ।

१०.५.१९ विदेशी क्रेताले नेपाली निर्यातकर्तालाई निर्यात आदेशका लागि पठाएको नमूना वस्तुमा भन्सार महसुल लगायतका कुनै पनि कर तथा शुल्क लगाइने छैन ।

१०.५.२० निर्यातित वस्तुहरू विदेशी आयातकर्तालाई अमान्य भई फिर्ता भएको अवस्थामा निर्यात भएको प्रमाणित गर्ने कागजातहरूको आधारमा त्यस्ता वस्तुहरूमा भन्सार महसुल र अन्य कर तथा शुल्क नलाग्ने व्यवस्था गरिनेछ ।

१०.५.२१ पैठारी भएका कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थहरूबाट उत्पादित वस्तु निर्यात भएमा आयातमा तिरेको भन्सार महशुल फिर्ता हुनेछ । साथै बैंक ग्यारेन्टी राखेकोमा सम्बन्धित भन्सार कार्यालयले फुकुवा गर्नेछ ।

१०.५.२२ आयात वा निर्यातको इजाजत चाहिने अवस्थामा सरल र शीघ्र रूपमा इजाजत-पत्र दिने व्यवस्था मिलाइनेछ ।

**१०.६ व्यापारलाई अर्थतन्त्रको मुख्य सम्भागको रूपमा स्थापित गर्न मूलप्रवाहीकरण गर्ने**

१०.६.१ राष्ट्रिय, क्षेत्रगत र स्थानीयस्तरका विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा व्यापार प्रवर्द्धनलाई विशेष प्राथमिकता दिइनेछ ।

१०.६.२ व्यापार मूलप्रवाहीकरणका लागि सम्बन्धित निकायहरूको नीतिगत, संस्थागत र मानवीय क्षमता अभिवृद्धि गर्न समन्वय गरिनेछ ।

१०.६.३ निजी क्षेत्रका छाता संगठनहरूका नीति तथा रणनीतिहरूमा व्यापार मूलप्रवाहीकरण गर्न प्रोत्साहन गरिनेछ ।

१०.६.४ वस्तु तथा सेवा व्यापारसँग सम्बन्धित मन्त्रालयहरूको योजना, नीति, कार्यक्रम र वार्षिक बजेटमा व्यापारसम्बद्ध विषयलाई मूलप्रवाहीकरण गरिनेछ ।

१०.६.५ वाणिज्य क्षेत्रमा विनियोजित बजेटको कार्यान्वयन अवस्था र प्रभावको आवधिक रूपमा लेखाजोखा गरिनेछ ।

१०.६.६ विश्वविद्यालयहरूका पाठ्यक्रममा विश्व व्यापार संगठनका प्रमुख सम्झौता तथा कार्यप्रणाली, नेपालको व्यापारसम्बद्ध सन्धि सम्झौताहरू, तिनका मुख्य प्रावधान र निर्यात प्रवर्द्धन लगायतका विषयहरू समावेश गर्न सम्बन्धित निकायँग समन्वय गरिनेछ ।

१०.६.७ व्यापार मूलप्रवाहीकरणका लागि विभिन्न सञ्चार माध्यमहरूबाट सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.६.८ वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, विभिन्न निकायहरूमा रहेका विश्व व्यापार संगठन सम्पर्क बिन्दु, मन्त्रालय अन्तर्गत रहेका विभिन्न समितिहरू तथा WTO Reference Centre को क्षमता अभिवृद्धि गरिनेछ ।

१०.६.९ वित्तीय तथा मौद्रिक, विदेशी लगानी, औद्योगिक, पर्यटन, कृषि, वन, भौतिक पूर्वाधार लगायतका नीतिहरू र वाणिज्य नीतिबीच सामञ्जस्य कायम गरिनेछ ।

१०.६.१० व्यापारका लागि सहायताको प्रभावकारी परिचालन गरी निर्यात प्रवर्द्धनलाई जोड दिन विकास साझेदारसँग समन्वय बढाउँदै क्षेत्रगत अवधारणा लागू गरिनेछ ।

१०.६.११ मूलप्रवाहमा आउन नसकेका वर्ग, समुदाय र क्षेत्रको परम्परागत पेशा, व्यवसायको आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्न समन्वय गरिनेछ ।

१०.६.१२ लघु, घरेलु तथा साना र मझौला उद्योगहरू एवं महिला तथा सीमान्तकृत वर्ग/समुदायहरूबाट संचालित उद्योगहरूलाई निर्यात व्यापारमा आबद्ध गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.६.१३ नेपाली कला, संस्कृति र मौलिक पहिचान झल्कने वस्तुहरूको उत्पादन वृद्धि र निर्यात प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।

**१०.७ बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय संयन्त्र तथा व्यापार कूटनीतिको माध्यमबाट बजार विस्तार र व्यापारजन्य क्षमता अभिवृद्धि गर्ने ।**

१०.७.१ व्यापार प्रवर्द्धनलाई आर्थिक कूटनीतिको मूख्य अंगको रुपमा कार्यान्वयन गरिने छ ।

१०.७.२ अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गर्न तुलनात्मक रूपमा बढी व्यापारिक सम्भावना भएका मुलुक तथा क्षेत्रीय संगठनहरूसँग स्वतन्त्र व्यापार सम्झौता (Free Trade Agreement) गरिनेछ ।

१०.७.३ व्यापारसम्बद्ध लगानी प्रवर्द्धनका लागि आवश्यकता अनुसार द्विपक्षीय लगानी सम्झौता गरिनेछ ।

१०.७.४ अन्तर्राष्ट्रिय व्यापारको लागत कम गर्न पारवहन देशहरू एवं छिमेकी मुलुकहरूको वैकल्पिक पारवहन मार्गहरू तथा बन्दरगाहहरूको भौतिक पूर्वाधार, बहुविधिक ढुवानी सुविधा, यातायात सुविधा र लागत अध्ययन गरी उपयुक्त पारवहन मार्गको प्रयोग गर्न सन्धि/सम्झौता गरिनेछ ।

१०.७.५ बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सन्धि/सम्झौताबाट उपलब्ध अवसरहरूको उपयोग गर्न समान व्यापार स्वार्थ भएका अन्य मुलुकहरूसँग सहकार्य गरिनेछ ।

१०.७.६ दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनका सदस्यहरूबीच गहन एकीकरण गर्न व्यापार, लगानी, सडक सञ्जाल, ऊर्जा व्यापार, प्रवेशाज्ञा जस्ता क्षेत्रमा उपलब्धि हासिल गर्न सम्झौताकारी सदस्य देशहरूबीच सहकार्य गरिनेछ ।

१०.७.७ नेपालको आर्थिक तथा व्यापारिक हित प्रवर्द्धन गर्ने गरी बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीका देशको प्रयास (विमस्टेक) को कार्यान्वयन गरिनेछ ।

१०.७.८ सार्कका सदस्य राष्ट्रहरू एवं व्यापार साझेदार मुलुकहरूसँग मिल्ने गरी नेपालको भन्सार, पारवहन र गुणस्तर प्रमाणीकरण सम्बन्धी प्रक्रिया, मापदण्ड तथा नीति नियमहरूमा एकरूपता ल्याइनेछ ।

१०.७.९ नेपालको निकासी व्यापारमा देखा परेका गैरभन्सारजन्य अवरोधहरू हटाउन बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय तहमा वार्ता तथा सम्झौता गरिनेछ ।

१०.७.१० नेपाली गुणस्तरलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउन क्षेत्रीय र द्विपक्षीय तहमा पारस्परिक मान्यता सम्झौता गरिनेछ ।

१०.७.११ दक्षिण एशियाका नेपाल, भारत, बंगलादेश र भुटानलाई जोड्ने अन्तर्राष्ट्रियस्तरको यातायात मार्गसहितको उपक्षेत्रीय विकास अवधारणाको कार्यान्वयन मार्फत निर्यात अभिवृद्धि गरिनेछ ।

१०.७.१२ विश्व व्यापार र क्षेत्रीय व्यापार प्रणालीले विकासशील तथा अतिकम विकसित देशका लागि व्यवस्था गरेको भन्सार तथा कोटा रहित सुविधा लगायतका विशेष तथा पृथक् व्यवहारको अधिकतम उपयोग गरिनेछ ।

१०.७.१३ विदेशस्थित नेपाली नियोग तथा वाणिज्य दूतावासहरूलाई व्यापार कूटनीति, बजार अनुसन्धान, लगानी सम्भाव्यता र निर्यात प्रवर्द्धनका विविध पक्षहरूमा प्रभावकारी ढङ्गले परिचालन गरिनेछ ।

१०.७.१४ नेपाली वस्तु तथा सेवाहरूका प्रमुख आयातकर्ता एवं नेपालसँग बढी व्यापारिक तथा लगानी सम्भाव्यता भएका मुलुकस्थित नेपाली नियोगहरूमा वाणिज्यको क्षेत्रमा कार्यरत अनुभवी तथा विज्ञता हासिल गरेका कर्मचारीहरूलाई वाणिज्य क्षेत्रको काममा खटाइनेछ ।

१०.७.१५ बजार सम्भावनाका आधारमा वाणिज्य दूतावासहरूको आवश्यकता अध्ययन गरी थप स्थापना र विस्तार गरिनेछ । विभिन्न नियोगमा हाल रहेका वाणिज्य दूत/सहचारीको कार्यबोझलाई दृष्टिगत गरी थप दरबन्दी सृजना तथा त्यस्ता निकायमा रहेका व्यापार एकाइ (Trade Cell) को सुदृढीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१०.७.१६ विदेशस्थित नेपाली दूतावास तथा नियोगहरूमा अन्तर्राष्ट्रिय व्यापार, लगानी, बजार अनुसन्धान लगायतका प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०.७.१७ नेपाली वस्तुको निर्यात प्रवर्द्धन तथा नेपालमा वैदेशिक लगानी आकर्षित गर्न विदेशस्थित नेपाली नियोग तथा वाणिज्य दूतावासहरूबाट वर्षमा कम्तिमा एक पटक व्यापार तथा लगानी बैठक आयोजना गर्ने व्यवस्था मिलाइनेछ ।

१०.७.१८ विदेशस्थित नेपाली नियोग तथा वाणिज्य दूतावासहरूमा प्रमुख नेपाली निर्यातजन्य वस्तुहरूको प्रदर्शन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.७.१९ निर्यातक कम्पनीहरूलाई विदेशमा सम्पर्क कार्यालय वा बिक्री तथा प्रदर्शन कक्ष खोल्न र विदेशी आयातकर्ता कम्पनीलाई नेपाली सेवा तथा वस्तुको प्रवर्द्धन गर्न सम्पर्क कार्यालय स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

१०.७.२० बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सन्धि/सम्झौताहरूको जटिलतालाई ध्यान दिई वस्तु एवं बजार विकास, गुणस्तर सुधार लगायत व्यापार सन्धि/सम्झौताहरूका बारेमा वार्ता गर्न सक्ने क्षमतायुक्त जनशक्ति तयार गरिनेछ ।

१०.७.२१ निर्यात प्रवर्द्धन गर्नका लागि विदेशी व्यापार मेलामा सहभागी हुँदा सामानको झन्झटमुक्त ओसारपसार गर्न सघाउ पुऱ्याउने उद्देश्यले एटा कार्नेट (ATA Carnet) को सदस्यता लिन पहल गरिनेछ ।

१०.७.२२ विश्व व्यापार संगठनको प्रावधान अनुसार पशु तथा वनस्पतिजन्य स्वास्थ्य, व्यापारजन्य प्राविधिक अवरोध र सेवा व्यापार लगायतका सूचना प्रवाह र सोधपुछ सम्बन्धी विद्यमान राष्ट्रिय सोधपुछ विन्दु/सूचना केन्द्रहरूको सुदृढीकरण गरिनेछ ।

**१०.८ वस्तु र सेवा व्यापारलाई प्रतिस्पर्धी एवं सुदृढ बनाई एक अर्काको समपूरकको रूपमा क्षेत्रीय तथा विश्वव्यापी उत्पादन सञ्जालमा आबद्ध गर्ने**

१०.८.१ वस्तु र सेवा व्यापारलाई समपूरकको रूपमा विकास गर्न रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०.८.२ साना, घरेलु तथा मझौला उद्योगहरुलाई विश्व उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै अन्तर्राष्ट्रिय माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादन र विकास गरिनेछ ।

१०.८.३ विद्यमान श्रम शक्तिको सीप तथा क्षमता अभिवृद्धि गरी उत्पादकत्व बढाउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

१०.८.४ वस्तुको उत्पादन र निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने गरी सेवा क्षेत्रमा लगानी गरिनेछ।

१०.८.५ क्षेत्रगत नीतिहरूबीच अग्र, पृष्ठ तथा समानान्तर अन्तरसम्बन्ध कायम गराई निकासीका आधारलाई फराकिलो पारिनेछ।

१०.८.६ उच्च मूल्य र कम वजन भएका वस्तुहरूको उत्पादनलाई प्रोत्साहन गरी हवाई कार्गोबाट निर्यात गर्न प्राथमिकता दिइनेछ।

१०.८.७ निर्यातमूलक उद्योगहरूमा बहुराष्ट्रिय कम्पनीहरूलाई लगानी गर्न अनुकूल वातावरण सृजना गरिनेछ।

१०.८.८ वस्तु तथा सेवा व्यापार गर्ने निकायहरूबीच प्रभावकारी समन्वय सुनिश्चित गरिनेछ।

१०.८.९ वैदेशिक व्यापारको क्षेत्रमा दक्ष एवं कुशल जनशक्ति तयार गर्न शैक्षिक संस्थाहरूसँग सहकार्य गरिनेछ।

१०.८.१० निर्यातमूलक उद्योगहरू र प्राविधिक शैक्षिक संस्थाहरूबीच कार्यमूलक सम्बन्ध स्थापना गरिनेछ।

**१०.९ व्यापारसम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको प्रवर्द्धन र संरक्षण गरी विश्वबजारमा नेपाली उत्पादनको पहुँच बढाउने**

१०.९.१ व्यापारसम्बद्ध बौद्धिक सम्पत्ति अधिकारको संरक्षण र प्रवर्द्धनका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०.९.२ व्यापारसम्बद्ध बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी सम्झौता (TRIPS) को धारा ६६.१ अन्तर्गत नेपालले अतिकम विकसित सदस्यका हैसियतले प्राप्त गर्ने छूटको अवधिलाई क्षमता अभिवृद्धिमा उपयोग गरिनेछ। साथै धारा ६६.२ मा भएको प्रविधि हस्तान्तरणको प्रावधान कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय स्तरमा पहल गरिनेछ।

१०.९.३ निर्यात सम्भाव्य वस्तुहरूको भौगोलिक सांङ्केतिकरण, ट्रेडमार्क, सामूहिक व्यापार चिन्ह, डिजाइन, प्याटेन्ट, गोप्य व्यापारिक सूचनाहरू (Undisclosed Information/Trade Secrets), प्रतिलिपि अधिकार लगायतका बौद्धिक सम्पत्ति अन्तर्राष्ट्रिय बजारमा दर्ता तथा संरक्षणका लागि प्रोत्साहन, सहयोग र समन्वय गरिनेछ।

१०.९.४ नेपालको आनुवंशिक स्रोत, परम्परागत ज्ञान, कलाकौशल, वस्तु उत्पादन गर्ने प्रक्रिया र उत्पादित वस्तुको बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण र प्रवर्द्धन गरिनेछ।

१०.९.५ व्यापारसम्बद्ध बौद्धिक सम्पत्ति अधिकारका क्षेत्रमा कार्य गर्ने सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

१०.९.६ व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको संवर्द्धन र प्रवर्द्धनबाट अधिकतम लाभ लिन सम्बद्ध निकायहरूको वार्ता सीप/क्षमता अभिवृद्धि गरिनेछ।

१०.९.७ नवप्रवर्तनका लागि उद्योग र अनुसन्धानमूलक संस्था एवं विश्वविद्यालयबीचको सहकार्यमा अनुसन्धान गर्न प्रोत्साहन गरिनेछ।

## ११. संस्थागत व्यवस्था

### ११.१. बोर्ड अफ ट्रेड

११.१.१. व्यापार प्रवर्द्धनका लागि आवश्यक नीति तर्जुमा कार्यमा सहयोग पुऱ्याउन, व्यापार सहजीकरण गर्न एवं नीतिको अनुगमन र अन्तर-निकाय समन्वय गर्न निजी क्षेत्र समेतको सहभागितामा केन्द्रीयस्तरमा देहाय बमोजिमको बोर्ड अफ ट्रेड गठन गरिनेछ :

| | |
|---|---|
| वाणिज्य तथा आपूर्ति मन्त्री / राज्यमन्त्री | अध्यक्ष |
| वाणिज्य तथा आपूर्ति सहायक मन्त्री | सदस्य |
| मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| सदस्य, राष्ट्रिय योजना आयोग (वाणिज्य क्षेत्र हेर्ने) | सदस्य |
| गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय (आर्थिक तथा पूर्वाधार हेर्ने) | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, उद्योग मन्त्रालय | सदस्य |
| सचिव, कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| महानिर्देशक, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग | सदस्य |
| कार्यकारी निर्देशक, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | सदस्य |
| अध्यक्ष, नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि. | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य |
| अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स | सदस्य |
| अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ | सदस्य |
| अध्यक्ष, सुनचाँदी रत्न तथा आभुषण महासंघ | सदस्य |
| वाणिज्य वा अर्थशास्त्र विषयमा विशेषज्ञता हासिल गरेका राष्ट्रियस्तरका विश्वविद्यालयका प्राध्यापक वा सहप्राध्यापक मध्येबाट मनोनीत विज्ञ २ जना | सदस्य |
| वाणिज्य तथा आपूर्ति मन्त्रीबाट मनोनीत अर्थ, वाणिज्य र आर्थिक कूटनीतिको क्षेत्रका विज्ञमध्येबाट कम्तिमा २ जना महिला सहित ४ जना | सदस्य |
| सह–सचिव, योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखा, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य-सचिव |

११.१.२. उल्लिखित पदेन सदस्यहरू बाहेक वाणिज्य तथा आपूर्ति मन्त्री / राज्यमन्त्रीले आवश्यकतानुसार कुनै व्यक्ति वा विज्ञलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ । नेपाल सरकारले बोर्डका सदस्यहरूमा आवश्यकतानुसार थपघट र हेरफेर गर्न सक्नेछ । बोर्डको बैठक

कम्तिमा दुई महिनामा एक पटक बस्नेछ । बैठक सम्बन्धी कार्यविधि बोर्डले तय गरे बमोजिम हुनेछ ।

११.१.३. बोर्डको मुख्य काम वाणिज्य नीतिको कार्यान्वयनमा समन्वय गर्ने, परिमार्जनको लागि सरकारलाई सिफारिस गर्ने र कार्यान्वयनमा परेको बाधा-व्यवधान हटाउन सरकारलाई सुझाव दिने हुनेछ ।

११.१.४. बोर्डले आयात निर्यात व्यापारमा देखिएका बाधा-व्यवधानहरू हटाउन निर्णय गर्ने तथा व्यापार सहजीकरणका लागि आवश्यक अन्य कार्यहरू समेत गर्नेछ ।

११.१.५. बोर्डको कामलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार उप-समितिहरू गठन गर्न सकिनेछ ।

११.१.६. मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ ।

## ११.२. **व्यापार प्रवर्द्धन प्रतिष्ठान**

निर्यातयोग्य वस्तु तथा सेवा र बजारको विकासका लागि प्रभावकारी भूमिका खेल्न सक्नेगरी मौजुदा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई आवश्यक सांगठनिक संरचना र स्रोतसाधन सहितको व्यापार प्रवर्द्धन प्रतिष्ठान नामको स्वायत्त संस्थामा रूपान्तरण गरिनेछ । सेवा व्यापारको प्रवर्द्धनको लागि प्रतिष्ठान अन्तर्गत छुट्टै सेवा व्यापार सम्बन्धी संयन्त्र स्थापना गरिनेछ । व्यापार प्रवर्द्धन प्रतिष्ठानले निम्न कार्यहरू गर्नेछ :-

११.२.१. व्यापार सम्बन्धी अध्ययन, अनुसन्धान, वस्तु विकास र निकासी प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,

११.२.२. व्यापार प्रवर्द्धनका लागि आन्तरिक एवं बाह्य सूचना तथा जानकारी र व्यापार सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण तथा सूचना सम्प्रेषण गर्ने मुख्य संयन्त्रको रूपमा काम गर्ने,

११.२.३. सामान्य ग्राह्यता पद्धति (Generalized System of Preference) र जि.एस.टि.पी (Global System of Trade Preference) सुविधाका सम्बन्धमा नियमित रूपमा अभिलेख राख्ने तथा व्यवसायीहरूलाई जानकारी गराउने ।

११.२.४. अन्तर्राष्ट्रिय व्यापारको प्रवृत्ति, वर्तमान अवस्था तथा भावी कार्यदिशा र नेपालले सो सन्दर्भमा लिनुपर्ने नीतिगत कदमहरूबारे विश्लेषणात्मक राय/सुझाव दिनसक्ने गरी अनुसन्धानमूलक संस्थाको रूपमा कार्य गर्ने,

११.२.५. बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार सन्धि/सम्झौताहरूबाट उपलब्ध अवसर र उत्पन्न चुनौतीहरूको सम्बन्धमा सूचना सम्प्रेषण गर्ने,

११.२.६. निर्यात र आयातको व्यवस्थापन सम्बन्धी सम्पूर्ण कानुनी तथा प्रशासनिक प्रावधानहरू, भन्सार तथा गैरभन्सारजन्य प्रावधानहरू एवं अन्य सूचना र तथ्याङ्कहरू समावेश भएको ट्रेड पोर्टल को विकास र सञ्चालन गर्ने,

११.२.७. निर्यात प्रवर्द्धनका लागि आवश्यक पर्ने बजार सम्बन्धी सूचनाको सङ्कलन, प्रशोधन एवं वितरण गर्ने,

११.२.८. निर्यात र आयातलाई व्यवस्थित गर्नका लागि निर्यातकर्ता र आयातकर्तालाई सङ्केत नम्बर प्रदान गर्ने,

११.२.९. उल्लिखित कार्यका अतिरिक्त व्यापार मेला तथा प्रदर्शनीको आयोजना गर्ने एवं आयोजित मेला प्रदर्शनीमा सहभागिता सम्बन्धी कार्यमा समन्वय गर्ने ।

## १२. आर्थिक पक्ष

यस वाणिज्य नीति, २०७२ को कार्यान्वयनमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहनेछ । निजी क्षेत्रको लगानी वाणिज्य क्षेत्रमा प्रवाहित गर्न आवश्यक समन्वय गरिनेछ । सरकारी संयन्त्रबाट कार्यान्वयन गरिनुपर्ने कार्यहरू सम्बन्धित निकायहरूका वार्षिक योजना तथा कार्यक्रमहरू मार्फत कार्यान्वयन गर्नुका साथै सम्बन्धित विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।

## १३. कानुनी व्यवस्था

प्रस्तुत नीतिको कार्यान्वयनको लागि ऐन, नियम, निर्देशिका निर्माण गरी कानूनी व्यवस्था सुदृढ गर्नका लागि निम्न कार्यहरू गरिनेछ :

(क) क्षेत्रगत रूपमा छरिएर रहेका वाणिज्य सम्बन्धी कानूनहरूलाई नेपालले विश्व व्यापार सङ्गठनमा गरेका प्रतिबद्धताहरू समेतलाई दृष्टिगत गरी समय सापेक्ष सुधार तथा परिमार्जन सहित एकीकृत गरी लागू गरिनेछ ।

(ख) निर्यात र आयातलाई व्यवस्थापन गर्ने सम्बन्धी अद्यावधिक कानूनको तर्जुमा गरी लागू गरिनेछ ।

(ग) एन्टीडम्पिङ्ग, काउन्टर भेलिङ्ग र सेफगार्ड सम्बन्धी कानून तर्जुमा गरी लागू गरिनेछ ।

(घ) आन्तरिक बजार व्यवस्थापन सम्बन्धी नीति तथा निर्देशिका तर्जुमा गरी लागू गरिनेछ ।

(ङ) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिनेछ ।

(च) सेवा व्यापारको प्रवर्द्धन र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धी आवश्यक नीति तथा कानूनको व्यवस्था गरिनेछ ।

## १४. अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था

वाणिज्य नीति, २०७२ को कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछ । यसका साथै मन्त्रालय अन्तर्गतका वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र लगायतका निकायहरूले आ-आफ्नो क्षेत्राधिकार भित्र रही नियमित अनुगमन र मूल्याङ्कनको कार्य गर्नेछन् । त्यस्तो अनुगमन र मूल्याङ्कन कार्यको समग्र समीक्षा वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्ने र सोको आधारमा नीतिमा आवश्यकतानुसार समायोजन गर्दै लगिनेछ ।

## १५. जोखिम तथा अनुमान

### १५.१ जोखिम

खुला एवं उदार वाणिज्य नीति अवलम्बन गरी अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न आन्तरिक वस्तु तथा सेवाको गुणस्तर र उत्पादकत्वमा वृद्धि र बजार पहुँचका

उपलब्ध अवसरहरूको प्रभावकारी उपयोग गर्न नसकिएमा निर्यात वृद्धि हुन नसक्ने हुँदा यस पक्षलाई ध्यानमा राखी व्यापार घाटा कम गर्नेतर्फ सचेत हुनुपर्ने देखिएको छ। आर्थिक वृद्धि, रोजगारी सृजना, आय आर्जन एवं समष्टिगत आर्थिक विकासतर्फ वाणिज्य क्षेत्रको योगदान परिलक्षित गर्न सकिएमा मात्र यस क्षेत्रको विकास प्रयासले सार्थक नतिजा हासिल गर्न सघाउ पुग्नेछ।

**१५.२ अनुमान**

यस नीतिको कार्यान्वयनमा सरकारी, निजी, सहकारी तथा विकास साझेदारहरूबीच प्रभावकारी समन्वय र सहकार्य हुनेछ । नीतिको सफल कार्यान्वयनबाट आर्थिक विकास र गरिबी निवारणमा महत्वपूर्ण योगदान पुग्नेछ । साथै अर्थतन्त्रका अन्य महत्वपूर्ण पक्षहरू वस्तु विकास, मूल्य अभिवृद्धि, निर्यात प्रवर्द्धन, आय आर्जन र रोजगारी सृजनामा समेत योगदान पुग्नेछ।

**१६. बाधा अड्काउ फुकाउने अधिकार**

यस नीतिको कार्यान्वयनको सिलसिलामा कुनै समस्या उत्पन्न भएमा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

**१७. खारेजी र बचाउ**

(क) वाणिज्य नीति, २०६५ खारेज गरिएको छ।

(ख) वाणिज्य नीति, २०६५ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै नीति बमोजिम भए गरेका मानिनेछन्।

*****

## अनुसूची

निर्यात सम्भावनायुक्त वस्तु तथा सेवाहरूको सूची

**वस्तुहरू(Goods)**

| | |
|---|---|
| १. अदुवा/सुठो | २. अलैंची |
| ३. ऊनी तथा गलैंचा | ४. औषधि, औषधिजन्य जडिबुटी तथा सारयुक्त तेल |
| ५. कफी | ६. कार्पेट |
| ७. च्याङ्ग्रा पश्मिना तथा रेशमजन्य वस्तुहरू | ८. चिनी |
| ९. चिया | १०. जुत्ता |
| ११. टेक्सटायल | १२. तरकारी, तरकारीको बीउ |
| १३. तयारी चाउचाउ | १४. तयारी पोशाक |
| १५. दुग्ध उत्पादन | १६. प्रशोधित छाला |
| १७. पश्मिना | १८. पुष्प (फूल) |
| १९. फलफूल | २०. फलाम र इस्पातका वस्तुहरू |
| २१. मह | २२. दाल |
| २३. सिमेन्ट | २४. सुनचाँदीका गहना तथा बहुमूल्य रत्नपत्थर |
| २५. हस्तकलाका वस्तुहरू | २६. हाते कागज र सोको उत्पादन |

**सेवा(Services)**

१. इन्जिनियरिङ्ग
२. जलविद्युत
३. पर्यटन
४. शिक्षा
५. सूचना प्रविधि तथा बिजिनेस प्रोसेस आउटसोर्सिङ्ग (IT/ BPO)
६. स्वास्थ्य सेवा
७. श्रम शक्ति (दक्ष/अर्धदक्ष)

**द्रष्टव्यः**

वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवश्यकता अनुसार निर्यात सम्भावनायुक्त वस्तु तथा सेवाको अनुसूचीमा पुनरावलोकन गर्न सक्नेछ।